# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
# Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं, फोन नं.: ०१-४४३४९२१/४४३४९२२

## उन्नाईसौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७७/११/१९)

यस वित्तीय संस्थाको मिति २०७७ साल फाल्गुन १७ गते सोमवार बसेको सञ्चालक समितिको ३५१ औं बैठकको निर्णय अनुसार उन्नाईसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०७७ चैत्र ११ गते बुधबार**

**समय : बिहान ११:०० बजे**

**स्थान : अम्रपाली, ब्याङ्केट, काठमाडौं ।**

**छलफलका विषयहरू**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७६/७७ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।

३. आ.व. २०७६/७७ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पूँजीको १.००२९७०९३% ले हुन आउने रकम रु. ७९,२६,३४८/- नगद लाभांश (बोनस शेयर र नगद लाभांशको कर सहित) शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**ख) विशेष प्रस्ताव**

१. यस संस्थाको रजिष्टर्ड कार्यालयको ठेगाना बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ बाट स्थानान्तरण गरी बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३० कायम गर्ने ।

२. नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७६/७७ सम्मको मुनाफाबाट चुक्ता पूँजीको १९.००५६४५२६% ले हुने रकम रु. १५,०६,००,६१६/- बराबर बोनस शेयरलाई शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने ।

३. हालको जारी तथा चुक्ता पूँजी रु. ७९,२३,९९,३८४/- मा उपरोक्त बमोजिमको बोनस शेयर जारी गरी जारी तथा चुक्ता पूँजी रु.९४,३०,००,०००/- कायम गर्ने ।

४. प्रबन्धपत्रको दफा २, ५(ख), ५(ग) तथा नियमावलीको नियम २ संशोधन गर्ने ।

५. प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरूमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

६. यस वित्तिय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisision) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**ग) विविध ।**

घ) सर्वसाधारण तर्फको संचालक पद संख्या १ मा पूर्ण अवधिको लागि संचालक नियुक्त गर्ने । ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. उन्नाईसौं वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०७७/११/२८ गतेदेखि सभाको मितिसम्म वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द रहनेछ ।

२. वित्तीय संस्थाको संक्षिप्त वार्षिक आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावहरूको सम्बन्धित ठेगानामा पठाइनेछ । यदि सो प्राप्त नभएमा कार्यालय समयभित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौबाट वा वित्तीय संस्थाको वेबसाइट http://swbbl.com.np बाट प्राप्त गर्न सकिनेछ ।

३. सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंमा सभा सुरू हुनुभन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति यस वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ । एक शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछन् ।

४. एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

५. नाबालक वा विक्षिप्त शेयरधनीहरूको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ ।

६. सभामा उपस्थित हुने शेयरधनीहरूले संस्थाको शेयर अभौतिकीकरण गरेको विवरण/अभौतिकिकरण खाताको विवरण (शेयर अभौतिकिकरण नगरेका शेयरधनीको हकमा सक्कल शेयर प्रमाण पत्र) र यी दुईमध्ये कुनै एकका साथ आफ्नो परिचय खुल्ने प्रमाणपत्र प्रस्तुत गरेपछिमात्र सभा कक्षभित्र प्रवेश गर्न पाइनेछ ।

७. सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कम्तीमा ५० कित्ता शेयर ग्रहण गरेको र कम्पनी ऐन, २०६३; बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३; बमोजिम अयोग्य नठहरिएको तथा नेपाल राष्ट्र वित्तीय संस्थाबाट समय समयमा जारी गरिएका निर्देशन बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

८. शेयरधनीहरूले सञ्चालक निर्वाचन निर्देशिका केन्द्रीय कार्यालयबाट शुल्क तिरी प्राप्त गर्न सक्नुहुनेछ ।

९. सञ्चालक निर्वाचन सम्बन्धी बिस्तृत कार्यसूची निर्वाचन अधिकृतले वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाडौंमा सूचना प्रकाशित गरे बमोजिम हुनेछ ।

१०. सभामा भाग लिने शेयरधनी महानुभावले सभा हुने स्थानमा सभा सुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थल आउँदा झोला, प्याकेट वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।

१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंको फोन नं. ०१-४४३४९२१/०१-४४३४९२२ फ्याक्स नं. ०१-४४४१५२५ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।